# थाहा नगरपालिका

## नगर कार्यापालिकाको कार्यालय

## कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण सचिवालय

मितिः २०७७।०१।२४

## दैनिक क्रियाकलाप प्रतिवेदन

### १) निर्णय तथा क्रियाकलापहरुः

१. थाहा नगरपालिका वडा नं ६ मा बुटवल, काठमाण्डौ हुँदै आएका एकजना पुरुषको RDT परिक्षण गरिएको । परिक्षण नेगेटिभ आएको ।

२. थाहा नगरपालिका भित्र लकडाउनका कारण प्रभावित भएका विकास निर्माणका कार्य गर्ने गराउने सम्बन्धमा जिल्ला समन्वय समितिबाट प्राप्त मार्गदर्शन बमोजिम शसर्त रुपमा कार्य संचालन गर्ने सम्बन्धमा मापदण्ड बनाई स्वीकृत गरिएको ।

३. Choice Humanitarian Organization Nepal ले थाहा नगरपालिकालाई ५ थान Fever Thermal Gun उपलब्ध गराएको । सो मानवीय कार्यको लागी नगरपालिकाले उक्त संस्थालाई हार्दिक धन्यवाद् ज्ञापन गरेको ।

४. मिति २०७७।०१।२२ गते स्वास्थ्य कार्यालय, हेटौडाबाट पिपि ई १२ सेट सर्जिकल मास्क ९०० थान, एन ९५ मास्क १०० थान, सेनिटाईजर ५ लिटर, सर्जिकल ग्लोभ्स ८०० पिसलगायतका स्वास्थ्य उपकरण तथा औषधीहरु समेत प्राप्त भएको हुँदा स्वास्थ्य कार्यालय, हेटौडालाई धन्यवाद् ज्ञापन गरिएको ।

### २) आपूर्ति व्यवस्थापन

१. खाद्यान्न आपुर्तिः

थाहा नगरपालिका भित्र खाद्यान्न तथा दैनिक उपभोग्य सामाग्रीको नियमित आपूर्तिको लागी सम्बन्धित सबैसंग आवश्यक समन्वय गरिएको । साथै वडाहरुबाट हरेक दिन विभिन्न थोक तथा खुद्रा पसलहरुमा मौज्दात खाद्यान्नको विवरण तपशलि बमोजिम रहेको छ।

तपशिलः

| चामल (बोरामा) | दाल (किलो) | नून (बोरा) | तेल (कार्टुन) | आँटा पिठो (बोरा) | चिउरा (बोरा) | चिनी (बोरा) |
|---|---|---|---|---|---|---|
| ८७६६ | ३४२ | ५०३ | १३६५ | ६७ | ३९७ | २५६ |

## ३) स्वास्थ्य औषधी/उपकरण आपुर्ति (खर्च भएर जाने सामाग्री)

| सि.नं. | औषधिउपकरणको विवरण | संख्या | | जम्मा | खर्च भएको | बाँकी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | खरिद | सहयोग प्राप्त | | | | |
| १ | Apron (Surgical gown) | ० | २३ | २३ | २० | ३ | |
| २ | VTM | ० | २ | २ | ० | २ | |
| ३ | PPE Set Full | ३० | २६ | ५६ | ४ | ५२ | |
| ४ | PPE Normal | ९ | १७ | २६ | २६ | ० | |
| ५ | Rectified Sprit (500ml) | १०० | ० | १०० | ५९ | ४१ | |
| ६ | Rectified Sprit (5 ltr) | ५ | ० | ५ | ० | ५ | |
| ७ | Sodium Hypochlorite (5ltr) | ५ | ० | ५ | ० | ५ | |
| ८ | N95 Mask | २१० | १४६ | २५६ | १९८ | १५८ | |
| ९ | Paper Mask (50 pc/box) | ५ | २ | ७ | ७ | ० | |
| १० | Paper Mask (Surgical Mask) | ३६०० | ३४०० | ७००० | ३०७८ | ३९२२ | |
| ११ | Clothes Mask (Normal) | ० | ८०० | ८०० | १२१ | ६७९ | |
| १२ | Fiber Mask | ८५ | ० | ८५ | ६८ | १७ | |
| १३ | Gloves Examination (50 pc/box) | ० | ५० | ५० | ५० | ० | |
| १४ | Hand Sanitizer (100 ml) | १५० | १६०० | १७५० | ४५३ | १२९७ | |
| १५ | Hand sanitizer (500 ml) | १० | २२ | ३२ | ० | ३२ | |
| १६ | Hand sanitizer (5 ltr) | ५ | १ | ६ | ० | ६ | |
| १७ | Disposable Syringe | ४२ | ० | ४२ | ४२ | ० | |
| १८ | ECG Paper | ४५ | ० | ४५ | ४५ | ० | |
| १९ | Uro Bag | १० | ० | १० | १० | ० | |
| २० | Foleys Catheter | १५ | ० | १५ | १५ | ० | |
| २१ | Ryles tube | ५ | ० | ५ | ५ | ० | |
| २२ | ET tube | ८ | ० | ८ | ८ | ० | |
| २३ | Distill Water (Jar) | १ | ० | १ | १ | ० | |
| २४ | Surgical Gloves | ० | २५० | २५० | ० | २५० | |
| २५ | Thermal Scanner | ८ | १५ | २३ | १४ | ९ | |
| २६ | Disposable Gloves | ० | ८०० | ८०० | ० | ८०० | |

## ४) स्वास्थ्य परिक्षण सेवा

### क) दैनिक स्वास्थ्य परिक्षण विवरण (२०७७ वैशाख २४ गते)

| सि.न. | स्वास्थ्य संस्था | जम्मा | ज्वारो आएको | | | | | जम्मा | ज्वरो नभएको | आजसम्म (१३ चैतदेखि) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०-५ वर्ष | ५-१० वर्ष | १०-२० वर्ष | २०-६० वर्ष | ६०- माथि | | | |
| १. | पालुङ प्राथमिक स्वास्थ्य केन्द्र | ४१ | | | | | | ० | ४१ | १२६८ |
| २. | पालुङ स्वास्थ्य चौकी | १३ | | | | | | ० | १३ | ५७४ |
| ३. | आग्रा स्वास्थ्य चौकी | १७ | | | | | | ० | १७ | ५७१ |
| ४. | बज्रवाराही स्वास्थ्य चौकी | १५ | १ | | | २ | १ | ४ | ११ | ३९३ |
| ५. | चित्लाङ स्वास्थ्य चौकी | १४ | | | | | | ० | १४ | ४७० |
| ६. | टिष्टुङ स्वास्थ्य चौकी | १२ | | | | | | ० | १२ | ६४५ |
| ७. | देउखेल शहरी स्वास्थ्य केन्द्र | १५ | | | | | | ० | १५ | ३७५ |
| ८. | दामन शहरी स्वास्थ्य केन्द्र | १६ | १ | | | ४ | | ५ | ११ | ५०९ |
| ९. | टौखेल शहरी स्वास्थ्य केन्द्र | १२ | | | | | | ० | १२ | ५२६ |
| जम्मा | | १५५ | २ | ० | ० | ६ | १ | ९ | १४६ | ५३३१ |

**ख) हेल्थ डेस्क (नगर प्रवेश गर्ने नाका) मा गरिएको परीक्षण विवरण (२०७७ वैशाख २४ गते):**

| सि.न. | हेल्थ डेस्क | जम्मा | ज्वारो आएको | | | | | जम्मा | ज्वरो नभएको | आजसम्म (१३ चैतदेखि) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०-५ वर्ष | ५-१० वर्ष | १०-२० वर्ष | २०-६० वर्ष | ६०- माथि | | | |
| १. | चित्लाङ पौवा हेल्थ डेस्क | ३२ | | | | | | | ३२ | १८८६ |
| | आग्रा भोर्ले हेल्थ डेस्क | | | | | | | | | ५६ |
| जम्मा | | ३२ | | | | | | | ३२ | १९४२ |

**५) विदेशबाट आएका व्यक्तिहरुको विवरण**

- **मिति २०७६।११।१५ पश्चात विदेशबाट नगर क्षेत्रमा आई बसोबास तथा Screening गरिएको विवरण:**

| क्र.सं. | हालसम्म अभिलेख संख्या | Screening परीक्षण भएका | बाँकी |
|---|---|---|---|
| १ | ७० | ६८ | २ |

*चित्लाङको १ र आग्राको १ जना थाहा नगर आएर पुनः काठमाण्डौंमा बसेको हुँदा उनीहरुको थाहा नगरपालिकाबाट* Screening *हुन नसक्ने।*

**६) जोखिम विश्लेषण**

**(क) भारत लगायत अन्य देशबाट २०७६।११।१५ पश्चात नेपाल आई यस नगरपालिकामा प्रवेश गरी बसोबास गरिरहेका व्यक्तिहरुको वडागत विवरण:**

| क्र.सं. | १४ दिनसम्म | १४–२१ दिन | २१–२८ दिन | २८+ दिन | जम्मा |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ७० | ७० |

**७) विपद् कोषमा प्राप्त आम्दानी/खर्च विवरण**

१. **नगद आम्दानी/खर्च विवरण**

| सि.नं. | आम्दानीदाताको नाम | रकम रु. | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|---|
| १. | थाहा नगरपालिका | ४०००००० | स्वास्थ्य केन्द्र/चौकी, तथा क्वारेन्टाईनको लागी आवश्यक औषधी, उपकरण लगायतका सामाग्रीहरुको खरिद | ३५५८०१० |
| २. | थाहा नगरपालिका कर्मचारी | २४२३३९.३३ | औषधी उपकरण लगायतका सामाग्री ढुवानी खर्च | १२५०० |
| ३. | श्री हिमालयन बोर्डिङ स्कूल थाहा–४ | ५००५० | क्वारेन्टाईनको लागी आवश्यक भाडा वर्तन | १६३०७ |
| ४. | श्री नवराज लामा | १०००० | क्वारेन्टाईनको लागी आवश्यक खाद्यान्न (क्वारेन्टाईनमा ग्यास, चामल लगायतका सामाग्री) | १४७७५ |
| ५. | श्री अच्युतम ढकाल | २५५२५ | क्वारेन्टाईनको लागी आवश्यक अन्य सामाग्री तन्ना सिरानि खोल (३० सेट) | २१००० |
| ६. | श्री प्रदिप भट्ट | १५००० | क्वारेन्टाईन सरसफाईका लागी आवश्यक सामाग्रीहरु | ५००० |
| ७. | श्री ज्ञानेश्वर ढकाल, थाहा २ | ५००० | सूचना मुलक ब्रोसर फ्लेक्स जानकारी मुलक छपाई खर्च | ३२००० |
| ७. | श्री राजेन्द्र कुमार लामा, थाहा १२ | ६००० | अटो भाडा (माइकिङ) | ५०५०० |
| ८. | डाक्टर श्री रामहरि लामिछाने थाहा–९ | २५००० | गाडी भाडा (घरघरमै स्वास्थ्यकर्मीहरु गई स्वास्थ्य परिक्षण/अभिमुखिकरण गर्न) | ५३००० |
| ९. | प्रदेश सरकार अनुदान | १२००००० | संचार खर्च (रिचार्ज) | ७५०० |
| | | | अलपत्र परेका मजदुरलाई खाना | १२०० |
| | | | मास्क खरिद | ३६००० |
| | | | प्रहरीलाई छलीगरी आवत जावत गर्ने बाटोमा रोक्नको लागिबाँस | १५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद | |
| | | | ईन्धनभुक्तानी | ५०००० |
| | | | एम्बुलेन्स कम्पार्टमेन्ट निर्माण (४ वटा एम्बुलेन्स) | ५०५०० |
| | | | चामल खरिद (२००० केजी) | ८४६०० |
| | | | हिँडेर आएका नागरिकलाई बाराको अम्लेखगञ्जसम्म पुऱ्याउँदा डिजेल खर्च | १७६४० |
| | | | अटो भाडा (स्वास्थ्य अभिमुखिकरण कार्यक्रममा स्वास्थ्यकर्मी परिचालन) | १५०० |
| | | | चामल खरिद (१०,००० केजी) | ४२३००० |
| | | | चामल ढुवानी | २२००० |
| | | | चामल अनलोड लेबर खर्च | ४७०० |
| | जम्मा | ५५७८९१४.३३ | | ४४६३२३५ |

- अब बाँकी रकमः-१११५६७९.३३

(८) जिन्सी आम्दानी विवरण

| सि नं | मिति | खरिद/दाताको विवरण | सामाग्रीको विवरण | कै. |
|---|---|---|---|---|
| १ | | पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था | सेनिटाईजर (६००x१००ml) | |
| २ | | स्वास्थ्य कार्यालय, मकवानपुर | VTM - २ थान<br>PPE - २ थान<br>एप्रोन - २० थान<br>Examination Gloves - १०० pc | |
| ३ | २०७५।१२।२५ | स्वास्थ्य कार्यालय, मकवानपुर | पेपर मास्क- १०० थान<br>सर्जिकल गाउन ३ थान<br>N95 मास्क १ थान<br>Urine Test Strip५० थान<br>Protein Urine Test Strip ५० थान<br>Blood Lancet५००० | |
| ४ | | नगर क्षेत्रका बचत तथा ऋण सहकारी संस्था लि | राहत सामाग्री (३० प्याकेट) (ठूलो १०थान, सानो २० थान) | |
| ५ | २०७६।१२।३० | राहत खरिद -खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.) | चामल २००० केजी | |
| ६ | २०७६।१२।३० | उत्तम म्लोन लामा | पिपिई (लेभल २) १० थान | |
| ७ | २०७७।०१।०१ | महाविर पुन (राष्ट्रिय आविष्कार केन्द्र) | पिपिई (साधारण) ७थान | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७७।०१।०१ | स्वास्थ्य कार्यालय, हेटौडा | Corona Rapid Test Kit - ४० थान | |
| ९ | २०७७।०१।०३ | प्लान नेपाल, मकवानपुर | बर्को – ३० थान<br>बाल्टी – ३० थान<br>साबुन (हातधुने) – ६० थान | |
| १० | २०७७।०१।०४ | पालुङ जेसिज | राहत सामाग्री (सानो प्याकेट) २० थान | |
| ११ | २०७७।०१।०६ | चित्लाङ तामाङ युवा समूह *(हिंडेर आएकालाई खाना, तथा आवास व्यवस्थापन गरेको)* | • भाँडाकुडा भाडा सहयोग : ५००/-<br>• चामल ४० किलो : २८००/-<br>• दाल ६ किलो : ७००/-<br>• चाउचाउ ५ कार्टुन : ३,०००/-<br>• पानी ५ कार्टुन : १,०००/-<br>• तेल २ पाकेट : १४०/-<br>• मसला : ५००/-<br>• आलु काउली : ८००/-<br>• ग्याँस : १,६०० /-<br>• पुऱ्याउन जाँदा चालक सहचालक खाना, नास्ता र खाजा: १८०० /- | |
| १२ | २०७७।०१।०६ | अर्जुन बलामी, राजन बस्नेत र सुब्बा तामाङ | हिंडेर आएकालाई बाराको अम्लेखगञ्जसम्म निःशुल्क तीनवटा आइचर गाडी उपलब्ध गराएको *( रकममा प्रतिगाडी १०,०००/-सहयोग)* | |
| १३. | २०७७।०१।०९ | स्वास्थ्य कार्यालय, हेटौडा | Corona Rapid Test Kit - ४० थान | |
| १४. | २०७७।०१।२१ | सिसिडिएन/प्राक्टिकल एक्शन | • सर्जिकल ग्लोब्स २५० पिस<br>• ह्याण्ड स्यानिटाइजर ५०० ml २२ बोत्तल<br>• स्यानिटाइजर १०० ml. १००० बोत्तल<br>• पीपीई सेट १२ थान<br>• इन्फारेट थर्मोमिटर १० पिस<br>• सर्जिकल माक्स २,५०० थान<br>• डिजिटर फ्लेक्सीबल थर्मोमिटर १२ पिस<br>• KN95 मास्क ४५ थान<br>• हातधुने साबुन १,५०० पिस | |
| १५. | २०७७।०१।२२ | स्वास्थ्य कार्यालय, हेटौडा | • पिपिई १२ सेट<br>• सर्जिकलमास्क ९०० थान,<br>• एन ९५ मास्क १०० थान,<br>• सेनिटाईजर ५ लिटर, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सर्जिकल ग्लोब्स ८०० पिस | |
| १६. | २०७७।०१।२४ | च्वाइस नेपाल | • ५ थान Fever Thermal Gun | |

**(९) राहत वितरण सम्बन्धी विवरण:**

**(क) राहत सामाग्री खरिद/सहयोग प्राप्त तथा मौज्यादको विवरण :**

| सि.नं | विवरण | मौज्दात विवरण | | | वितरण | बाँकी |
|---|---|---|---|---|---|---|
| | | खरिद | सहयोग प्राप्त | जम्मा | | |
| १ | चामल (किलो) | १२००० | २०५० | १४०५० | २३५५ | ११६९५ |
| २ | दाल (किलो) | २०० | १७५ | ३७५ | २८२ | ९३ |
| ३ | नुन (किलो) | १०० | १५० | २५० | १४१ | १०९ |
| ४ | खाने तेल (लिटर) | १०० | ८० | १८० | १४७ | ३३ |
| ५ | साबुन (वटा) | १०० | १२८ | २२८ | १११ | ११७ |

**(ख) लाभान्वित परिवार संख्या (वडागत विवरण)**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्याकेज १ | ३६ | १७ | २३ | ९ | १ | ० | ० | ० | २ | ० | ० | ९ | ९७ |
| प्याकेज २ | ९ | ८ | १० | ३ | १ | ० | ० | ० | ७ | ० | ० | ७ | ४५ |
| जम्मा | ४५ | २५ | ३३ | १२ | २ | ० | ० | ० | ९ | ० | ० | १६ | १४२ |

**(१०) क्वारेन्टाईन सम्बन्धी विवरण**

१. थाहा ६ मा नगरपालिका तथा ॐ अध्याय रिट्रिट प्रा.ली. बीच सम्झौता भई देहाय बमोजिमको क्षमताको क्वारेन्टाईनको निर्माण तथा व्यवस्था गरिएको ।

क्वारेन्टाइन क्षमता

| हाइकेयर रुम | क्वारेन्टाइन रुम | जम्मा क्षमता | विरामी राखिएको संख्या | कैफियत |
|---|---|---|---|---|
| ५ | २० | २५ | ० | |

२. होम क्वारेन्टाईनमा रहेका विरामीहरुको नियमित रुपमा निगरानी तथा स्वास्थ्य परिक्षण कार्य मेडिकल अधिकृतको नेतृत्वमा खटिई सवै वडाहरुमा स्थलगत रुपमा भैरहेको ।

३. क्वारेन्टाईन संचालन तथा व्यवस्थापन गर्न हालको लागी तपसिल बमोजिमका जनशक्तिको व्यवस्थापन गरिएको:

| | डाक्टर | स्टाफ नर्स | अ.न.मी | सहयोगी कर्मचारी | जम्मा जनशक्ती |
|---|---|---|---|---|---|
| संख्या | १ | २ | ३ | २ | ८ |

४. क्वारेन्टाईन सम्पर्क व्यक्ति

- क्वारेन्टाइन इन्चार्ज : डा. उदय रोक्का (९८४९५३२१६३)
- क्वारेन्टाइन व्यवस्थापन : स्वास्थ्य संयोजक, मेघराज बलामी (९८४५०७३१३५)

११ ) थाहा नगरपालिका भन्दा बाहिर रहेका र नगरपालिकासंग विभिन्न अपेक्षा राखी नगरपालिकाको अनलाइन सर्भे सिस्टम भरेकाहरुको वडागत विवरण:

| वडा नम्बर | ०७७ वैशाख ७ गते सम्पर्कमा आएकाहरुको संख्या | हालसम्म सम्पर्कमा आएकाहरुको संख्या |
|---|---|---|
| १ | ० | ४ |
| २ | ० | १२ |
| ३ | ० | १२ |
| ४ | ० | ५ |
| ५ | ० | ५ |
| ६ | ० | ७ |
| ७ | २ | १२ |
| ८ | ० | ९ |
| ९ | ० | ९ |
| १० | २ | १० |
| ११ | ० | ९ |
| १२ | ० | ५ |
| जम्मा | ४ | ९९ |

(१२) विदेशबाट आएकाहरुलाई आजसम्म थाहा नगरमा भएको र्‍यापिट टेस्टको अवस्था:

| वडा नं. | हालसम्म अभिलेख संख्या | र्‍यापिट टेष्ट भएका | कोरोना भाइरसका कारण जोखिम ठानिएका | र्‍यापिट टेष्ट भएका |
|---|---|---|---|---|
| १ | ४ | ३ | | |
| २ | ४ | ४ | २ | २ |
| ३ | १ | ० | ९ | ९ |
| ४ | ५ | १ | १ | १ |
| ५ | २ | १ | १ | १ |
| ६ | १० | ४ | | |
| ७ | २३ | १७ | | |
| ८ | २ | ० | | |
| ९ | ० | ० | | |
| १० | ९ | ७ | | |
| ११ | ६ | ५ | | |
| १२ | ४ | ० | | |
| जम्मा | ७० | ४२ | १३ | १३ |

*अनुसूची:*

आज मिति २०७७ बैशाख २४ गते यस थाहा नगरपालिका प्रमुख श्री लवशेर विष्ट ज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा बैठक बसि देहायको निर्णय गरियो ।

उपस्थिती :

श्री लवशेर विष्ट - नगर प्रमुख
श्री खड्ग बहादुर गोपाली - नगर उपप्रमुख
श्री हरिलाल पुरी - प्रमुख प्रशासकिय अधिकृत
श्री विष्णु विष्ट 'प्रार्दशी' - राजनैतिक सल्लाहकार
श्री विकास तामाङ - ई.प्र.का. प्रमुख
श्री विवेक विडारी - संयोजक, को.रो. तथा नि. प्रतिकार्य
श्री मेघराज बलामी - उपसंयोजक "
श्री लक्ष्मण विश्वकर्मा - ई.प्र.का. पालुङ मकवानपुर
श्री सुरज कुमार भुजेल - कृ०आ० थाहा न०पा०
श्री अनिल लामिछाने - सा.वि.शा.

निर्णयहरु :-

१. जिल्ला समन्वय समिति, मकवानपुर को मिति २०७७।०१।१७ मा स्वीकृत मार्गदर्शनको आधारमा थाहा नगर भित्र लकडाउनको कारण प्रभावित विकास निर्माण सम्बन्धी कार्यलाई सुरक्षित रुपमा संचालनका लागी देहाय बमोजिमका मापदण्डको पालना गर्ने गरी कार्य गर्ने निर्णय गरियो:

- नगरपालिकासंग सम्झौता हुन बाँकी तथा सम्झौता भई कार्य चालु हुन बाँकी विकास/पूर्वाधार निर्माण सम्बन्धी कार्यको हकमा रकम फ्रिज भई जाने प्रकृतिको योजना बाहेक अन्य योजनाहरु हालको लागी संचालन नगर्ने/नगराउने ।
- नगरपालिकासंग सम्झौता भई निर्माण सम्पन्न भई सकेका विकास/पूर्वाधार निर्माण सम्बन्धी कार्यको विवरण वडा कार्यालय मार्फत संकलन गरी कार्य-तालिका बनाई प्राविधिक नापजाँच गराई भुक्तानी गर्ने व्यवस्था नगरपालिकाले मिलाउनेछ ।
- हेवी ईक्युपमेन्टको मात्र प्रयोग हुने प्रकृतिको योजनाको हकमा नगरपालिकासंग अनुमति लिएर मात्र निर्माण कार्य सूचारु गर्ने/गराउने । यसरी गरिएको कार्यको भरपर्दो अनुगमन सम्बन्धित वडा कार्यालय मार्फत गर्ने र सो को जानकारी स्थानीय प्रहरीलाई नगरपालिकाले गर्ने व्यवस्था मिलाउने ।
- अधुरा निजी आवास निर्माण गर्ने काम सम्बन्धित घरधनिसंग मापदण्ड पालना गर्ने प्रतिवद्धता लिई सम्बन्धित वडा कार्यालयले सुचारु गर्न ईजाजत दिने । यसरी ईजाजत दिंदा वडा कार्यालयले नगरपालिका तथा स्थानीय प्रहरीलाई तत्कालै सो को जानकारी गराउने ।

- लकडाउन अवधीमा नगर भित्र योजना संचालन गर्न ईच्छुक उ.स. तथा ठेकेदारले नगरपालिकामा वडा कार्यालयको सिफारिस तथा कार्य सम्पन्न गर्न लाग्ने अवधी, आवश्यक जनशक्ती तथा ईक्युपमेन्टको विवरण खुलाई कार्य संचालन गर्न नगरपालिकामा अनुरोध गर्नु पर्ने ।
- नगरपालिकाले मापदण्डको पूर्ण पालना हुने सुनिश्चितता भएपश्चात मात्र ईजाजत दिने र सो को जानकारी तत्कालै स्थानीय प्रहरीलाई गराउने ।

**कामदार/उपकरणको सम्बन्धमा**

- स्थानीय तहसंग सम्झौता भई कार्य चालु अवस्थामा रहेका विकास निर्माण (सडक, पुल, खानेपानी, विद्यालय, पुनर्निर्माण, स्वास्थ्य पुर्वाधार लगायतका अन्य पूर्वाधार विकास) सम्बन्धी कार्यको हकमा निर्माण स्थल वरपर (सम्बन्धित वडाभित्र) रहेको कामदारको प्रयोग गरेर मात्र गर्ने व्यवस्था सम्बन्धित उ.स. तथा ठेकेदारले मिलाउने ।
- सम्बन्धित वडाभित्र कामदार उपलब्ध हुन नसकी नगर भित्रका अन्य वडाबाट कामदार ल्याइ काममा लगाउनु पर्ने भएमा त्यस्ता कामदारको अनिवार्य स्वास्थ्य परिक्षण गराएर मात्र काममा लगाउने व्यवस्था सम्बन्धित उ.स. तथा ठेकेदारले मिलाउने ।
- रकम फ्रिज भई जाने प्रकृतिको काम संचालन गर्न नगर बाहिरबाट कामदार ल्याउनु पर्ने अवस्था भएमा सम्बन्धित उ.स. वा ठेकेदारले त्यस्ता व्यक्तीको अनिवार्य **कोरोना भाइरस परिक्षण (PCR Test)** गराएको प्रमाण नगरपालिकालाई पेश गरी अनुमति लिएर मात्र ल्याउनु पर्ने ।
- सबै उ.स. तथा ठेकेदारले योजना संचालन गर्न प्रयोग गरेको कामदार/उपकरणको विवरण (संख्या, व्यक्तिगत विवरण, कति अवधिदेखि उक्त स्थानमा कार्य गरिरहेको) स्पष्ट रुपमा खुलाई वडा कार्यालय मार्फत नगरपालिकामा उपलब्ध गराउनु पर्ने ।

**आवश्यक निर्माण समाग्री/उपकरणको सम्बन्धमा**

- योजना संचालन गर्न अवस्थाका उ.स. तथा ठेकेदारले आवश्यक निर्माण सामाग्री तथा उपकरणको प्रयोग गर्दा नगरपालिका भित्रबाट व्यवस्था मिलाउनु पर्नेछ । निर्माण सामाग्रीको हकमा नगर बाहिरबाट ल्याउनु पर्ने भएमा नजिकैको स्थानीय तहबाट (जिल्ला भित्र मात्र) ल्याउनु पर्नेछ । सो को लागी वडा कार्यालयको सिफारिसमा नगरपालिकाले सम्बन्धित निकायमा अनुरोध गर्ने व्यवस्था मिलाउने । (यसरी निर्माण सामाग्री लिन जाँदा/आउँदा चालक र हेल्पर बाहेक अन्य व्यक्ती गाडी राख्न नपाउने ।
- निर्माण कार्यस्थलमा कामदारहरुबीच तोकिएको भौतिक दुरी कायम गर्ने गराएर मात्र कार्य गर्ने गराउने व्यवस्था मिलाउने ।
- निर्माण कार्यस्थलमा आवश्यक स्वास्थ्य सुरक्षाको निम्ती मास्क, सेनिटाईजर/हात धुने साबनु लगायतका सामाग्रीको व्यवस्था सम्बन्धित उ.स. तथा निर्माण व्यवसायीले मिलाउने ।
- संघीय तथा प्रदेश सरकार एवं अन्य संघसंस्थाबाट सोझै संचालन गरिएका योजनाहरुको हकमा समेत यही मापदण्डको आधारमा कार्य गर्ने गराउने व्यवस्थम सम्बन्धित उ.स. तथा ठेकेदारले मिलाउनु पर्नेछ ।

धन्यवाद ।